# विद्यालय स्वास्थ्य कार्यक्रमः विद्यालय र समुदायबिचको अन्तरसम्बन्ध
# (SCHOOL HEALTH PROGRAMME: INTERRELATIONSHIP BETWEEN SCHOOL AND COMMUNITY)

:
**भरतबहादुर खडका**
**शिक्षण सहायक**
**डोटी बहुमुखी क्याम्पस, डोटी,**

**लेखसार ( Abstract)**

आजको एक्काइसौं शताब्दीमा विश्वमा ज्ञान, विज्ञान, सूचना र प्रविधिको विकासमा नयाँ चरणमा प्रवेश गरेको छ । यसले शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि, सञ्चार,खेलकुद, शैक्षिक प्रशासन लगायतका विविध क्षेत्रमा सकारात्मक उर्जा प्रदान गरेको पाइन्छ । विद्यालय परिवारका सम्पूर्ण सदस्यहरुको स्वास्थ्य संरक्षण, संबर्द्धन प्रबर्द्धन गर्नको लागि विद्यालय स्वास्थ्य कार्यक्रमका (School Health Programme) धेरै महत्व रहेको छ । सबैको लागि स्वास्थ्य र शिक्षा भन्ने लक्ष्य प्राप्तिका लागि विद्यालय स्वास्थ्य कार्यक्रमको ठूलो भूमिका रहेको छ । त्यसैले अहिले विद्यालय स्वास्थ्य कार्यक्रमलाई स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालय तथा बालमैत्री विद्यालय जस्ता नयाँ अवधारणा मार्फत सञ्चालनको थालनी गरिएको छ । आज आएर विद्यालय स्वास्थ्य कार्यक्रमलाई आठवटा क्षेत्रमा विभाजन गरिएको छ । जस अर्न्तगत विद्यालय स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षण, स्वस्थपूर्ण विद्यालय बसाइ, विद्यालय समुदाय सहयोग, विद्यालय स्वास्थ्य पोषण कार्यक्रम, मानसिक स्वास्थ्य कार्यक्रम र परामर्श, विद्यालयका स्टाफको लागि स्वास्थ्य प्रबर्द्धन र शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप पर्दछन । वास्तवमा विद्यालय स्वास्थ्य कार्यक्रमका आँठवटा क्षेत्रलाईृ सही ढंगले प्रभावकारी रुपमा उपयुक्त व्यवस्थापन गर्न विद्यालय परिवार र समाजको अहम भूमिका र उत्तरदायित्व रहेको हुन्छ । तसर्थ विद्यालय र समुदायको आपसी सहयोग, सम्बन्ध र सहकार्यविना विद्यालय स्वास्थ्य कार्यक्रमको उपयुक्त प्रवर्द्धन र व्यवस्थापन हुनसक्ने कुरामा दुईमत छैन । सामान्यतया विद्यालयमा अध्ययनरत बालबालिकाहरु, कार्यरत शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नाका लागी विद्यालयभित्र, सम्पूर्ण कार्यक्रमहरुलाई विद्यालय स्वास्थ्य कार्यक्रम भनिन्छ । विद्यालय स्वास्थ्य कार्यक्रम सफल ढंगले कार्यान्वयन अपेक्षित उपलब्धि हाँसिल गर्न विद्यालय र समुदाय बिचको सम्बन्ध नङ र मासु जस्तै रहेको छ । यी दुवैले एकअर्काको समृद्धि र प्रगतिको लागि सदैव हातेमालो सहकार्य गर्नुपर्दछ तबमात्र एकअर्काको समस्या हल भई विद्यालय स्वास्थ्य कार्यक्रमको गुरुयोजना सफल ढंगले कार्यान्वयन हुन्छ । बालबालिकाको लागि विद्यालय दोस्रो घर हो । त्यसैले विद्यालयलाई समुदायको सानो समाज (Mini Society ) भनेर भनिन्छ । विद्यालयले समुदायको प्रतिनिधित्व गरी असल व्यक्तिको विकास गर्ने गर्दछ भने समुदायको सहयोग र समर्थनमा मात्र विद्यालयले शैक्षिक प्रगति हाँसिल गरी उत्कृष्ट विद्यालयको रुपमा स्थापित र समुदायका सम्पूर्ण बालबालिकाको स्वास्थ्य संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्न सामर्थ्यवान हुन्छ । त्यसैले विद्यालय र समुदाय एकअर्काका परिपूरक, अन्तरसम्बन्धित र आत्मनिर्भर पक्ष हुन् ।

विद्यालय स्वास्थ्य कार्यक्रको अवधारणा अमेरिका(सन् १९७०) र त्यसपछि युरोपियन देशबाट (सन् १९३३ फ्रान्स) सुरु भएको हो । विद्यालय समुदाय एउटै रथका दुईवटा पाङ्ग्रा हुन् । यिनीहरु आफ्नो अस्तित्व, उन्नति र प्रगतिका लागि एकअर्कामाथि निर्भर हुन्छन् । विद्यालय एउटा सामाजिक संस्था भएकोले समाज र समुदायको अस्तित्वबिना यसको परिकल्पना गर्न सकिंदैन । समुदायले आफ्नो विकासका लागि समुदायमा शिक्षणसंस्थाहरु खोलेको हुन्छ भने विद्यालयले समुदायबाट आएका बालबालिकाहरुलाई विभिन्न किसिमका ज्ञान, सीप र धारणाका कुराहरु सिकाएर समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको हन्छ । विद्यालयले पनि समाजमा भएका खराब पक्षहरुलाई हटाई राम्रा पक्षहरुलाई अगाडि बढाउन ठूलो भूमिका खेलेको हुन्छ भने समुदायले आफ्ना बालबालिकालाई विद्यालय पठाई सिक्न अग्रसर गराउन विभिन्न किसिमका भौतिक र आर्थिक सहयोगका साथै विभिन्न सल्लाह सुझाव दिएर अगाडि

बढ्न सहयोग गरिरहेको हुन्छ । त्यसैले समुदायबाट सधै सहयोग प्राप्त गर्नको लागि विद्यालयले निम्नलिखित कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।

क) Parents Teacher Association (PTA)

ख) Parents Day

ग) Talk Programme (बहस कार्यक्रम)

घ) Exhibition (प्रदर्शन)

ङ) Parents Meet (अभिभावक भेटघाट )

च) Health Awareness Programme

छ) Immunization Programme

ज) School Need Cleanness and Sanitation Programme

**मुख्य शब्दावली ( Key Words)**

**विद्यालय स्वास्थ्य सेवा (School Health Service), विद्यालय स्वास्थ्य शिक्षण (School Health Instruction), स्वस्थ विद्यालय वातवरण (Healthfull School Environment), विद्यालय स्वास्थ्य पोषण कार्यक्रम (School Health Nutrition), मानसिक स्वास्थ्य कार्यक्रम र परामर्श (Mental Health and Councling), विद्यालय स्टाफको लागि स्वास्थ्य प्रबर्द्धन (Health Promotion For School Staff), शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप (Physical Education and ECA), विद्यालय र समाजबिचको अन्तरसम्बन्ध (School and Society Interrelationship)**

## १. विषयप्रवेश (Entry Route)

### १.१ अध्ययनको पृष्ठभूमि ( Backgroud of the Study )

विद्यालय समुदाय किकासको अभिन्न अंग हो । यसको स्थापना समुदाय विकासको लागि समुदायद्वारा नै गरिएको हुन्छ । विद्यालय र समुदाय एकअर्काका परिपूरक अंगहरु हुन । विद्यालय स्वास्थ्य कार्यक्रमको अभिप्रायः पनि बालबालिकाहरुमा स्वास्थ्यसम्बन्धी हुने सकारात्मक परिवर्तनले समुदायलाई पनि स्वास्थ्यप्रति सचेत रहन सघाउनु हो । समुदायका प्रत्येक बालबालिकाहरुमा स्वास्थ्यप्रति सकारात्मक परिवर्तनले भविष्यमा स्वस्थ समाजको निर्माणमा सहयोग पुग्दछ । विद्यालय स्वास्थ्य कार्यक्रममा सञ्चालन गरिने स्वास्थ्य सेवा,स्वस्थकर विद्यालय बसाइ र स्वास्थ्यशिक्षणमा बालबालिकालाई ध्यानमा राखेर कार्यक्रम तर्जुमा वा सञ्चालन गरिन्छ तर विद्यालयमा मात्र जतिसुकै सेवा सुविधाहरु प्रदान गरे तापनि बालबालिकाको दैनिक अधिकांश समय उसको घरपरिवार तथा समुदायमा बित्दछ । उनीहरुको घर र समुदायको वातावरणले विद्यालयको शिक्षा र कार्यक्रममा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसैले विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यालय र समुदायको सहयोग र सम्बन्ध महत्वपूर्ण हुन्छ । विद्यालय समुदायको एक अभिन्न अंग भएकाले यिनीहरुका क्रियाकलापहरु एकअर्कासंग अन्तरसम्बन्धित हुने हुनाले यी दुवै बिचमा समुधुर तथा सहयोगात्मक सम्बन्ध आवश्यक हुन्छ । यसर्थ विद्यालय र समुदायको सम्बन्धको अभावमा विद्यालय स्वास्थ्य कार्यक्रम प्रभवकारी रुपमा सञ्चालन गर्न सकिदैन । जसको अभावमा एकातिर विद्यार्थीहरुले समुदाय, अभिभावक र विद्यालयबाट उपयुक्त हेरचाह पाउन सक्दैन भने अर्कातिर समुदायको समग्र विकासका लागि समुदायले स्वस्थ जनशक्ति प्राप्त गर्न सक्दैन । तसर्थ विद्यालयद्धारा समुदायमा गरिने अनुभवहरु प्राप्त गर्दछन् । उनीहरुले समुदायमा चेतनामूलक कार्यक्रम, समुदाय समुदायका स्वास्थ्य समस्याहरु बुझ्न, अनुशासनमा रहन र शिक्षकले विद्यार्थीहरुलाई उपयुक्त रुपमा पथप्रदर्शन गर्न पनि विद्यालय समुदायबिच गहिरो सम्बन्धको आवश्यकता पर्दछ ।

विद्यालयको मुख्यदाताका रुपमा समुदाय रहिआएको छ । विद्यालयले समुदायबाट स्रोत प्राप्त गर्ने र स्रोतहरुको परिचालनको योजना र कार्यक्रम बनाउनु पर्दछ । त्यसैगरी विद्यालय र समुदायबिचको सम्बन्धबाट समुदायसंग सम्बन्धित सम्पूर्ण निकायहरुसंग मिलेर संयुक्त रुपमा कार्य गर्नसक्नु पर्दछ । जसबाट समग्र विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग पुग्ने भएकोले विद्यालय र समुदायबिचको सम्बन्ध माछा र पानीको जस्तै हुनु अत्यावश्यक छ । विद्यालय र समुदाय एउटै रथका दुईवटा पाङ्ग्रा हुन् । यिनीहरु आफ्नो अस्तित्व र उन्नतिका लागि एकअर्कामाथि निर्भर हुन्छन । विद्यालय एउटा सामाजिक संस्था भएकोले समाज समुदायको अस्तित्वविना यसको कल्पना पनि गर्न सकिदैन । समुदायले आफ्नो विकासको लागि समुदायमा शिक्षण संस्था खोलेको हुन्छ भने विद्यालयले विभिन्न समुदायबाट आएका बालबालिकाहरुलाई विभिन्न किसिमका ज्ञान, सीप र धारणाका कुराहरु सिकाएर समाज विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालयले कुनै पनि समाजमा भएका खराब पक्षहरु र अस्वस्थकर बानी व्यवहारलाई हटाई राम्रा पक्षहरुलाई अगाडि बढाउन ठूलो भूमिका खेलेको हुन्छ भने समुदायले आफ्नो बालबालिकालाई असल र सभ्य व्यक्तित्व बनाउन विभिन्न किसिमका आर्थीक र भौतिक सहयोगका साथै विभिन्न सल्लाह सुझाव दिएर अगाडि बढ्न सहयोग गरिरहेको हुन्छ ।

अतः विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत समुदाय र विद्यालयको बिचमा घनिष्ट सम्बन्ध स्थापना गर्नको लागि विद्यालयले समुदायका व्यक्तिहरुलाई विद्यालयमा बोलाएर विभिन्न कार्यक्रम सञ्चालन गरी उनीहरुको सहयोगको मात्र इच्छा गरेर हुँदैन । जसरी समुदायका मान्छेहरु विद्यालयमा आई विभिन्न कार्यक्रममा सहयोग गर्दछन् । त्यसैगरी विद्यालयले पनि विभिन्न समुदाय विकासका चेतनामूलक कार्यक्रम समुदायमा सञ्चालन गरी सहयोग गनुपर्ने हुन्छ । जसको कारण कुनैपनि समस्यामूलक क्रियाकलापमा समुदायका व्यक्तिले राहतको महसुस गर्दछन् । जस्तै : स्वास्थ्यगत जनचेतनामुलक कार्यक्रम, खोप कार्यक्रम, पोषण कार्यक्रम, विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम आदि ।

यसरी समुदायको आकांक्षा र इच्छाअनुसार समुदायको विकासका लागि विद्यालय स्थापना गरिएको हुन्छ । समुदायमा विद्यालयको स्थापना गरिसकेपछि विद्यालयको विकासका लागि सम्पूर्ण स्रोतहरु जुटाउने दायित्व पनि समुदायको हुने भएकोले समुदाय विद्यालयप्रति उत्तरदायित्व र जिम्मेवार हुनुपर्ने हुन्छ । समुदायले आफ्नो उत्तरदायित्व निर्वाह गर्ने क्रममा विद्यालयको अल्पकालीन र दीर्घकालीन कार्ययोजनाको निर्माण गरी कुनैपनि विद्यालय कार्यक्रमलाई अगाडि बढाउनुपर्ने हुन्छ । जुन कार्ययोजनाको आधारमा समुदायले विद्यालयलाई आवश्यक भौतिक तथा आर्थिक जनशक्ति उपलब्ध गराउने गर्दछ । समुदायमा उपलब्ध स्रोतसाधनको आधारमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरेमा आर्थिक रुपमा सस्तो पर्नुका साथै विद्यालय समुदायबिच घनिष्ट सम्बन्ध स्थापना हुनजान्छ ।

## १.२ अध्ययनको उद्देश्य ( Objectives of the Study )

क) विद्यालय र समुदायबिच घनिष्ट सुमधुर अन्तरसम्बन्ध स्थापित गर्नु,

ख) विद्यालय स्ववास्थ्य कार्यक्रमद्धारा समुदायमा व्याप्त सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक तथा सांगठनिक समस्याहरुको पहिचान तथा समाधान गर्नु ,

ग) विद्यालय तथा समुदायको विकास गर्न विद्यार्थी, शिक्षक, अभिभावक, समाज तथा सरोकारवाला निकायहरुको भूमिका विश्लेषण गर्नु ,

## १.३ समस्याको कथन (Statement of the problem)

विद्यालय र समुदाय एकअर्काका परिपूरक अंग भएकाले यिनीहरुका क्रियाकलापहरु एकअर्कासंग अन्तरसम्बधित हुन्छन् । विद्यालयले सामुदायिक आकांक्षा र आवश्यकता अनुरुप नै आफ्ना सम्पूर्ण पाठ्यक्रमलाई व्यवस्थित गरेको हुन्छ । यसका साथै बालबालिकाहरुले विद्यालयबाट शिक्षा प्राप्त गरिसकेपछि आफ्नो सम्पूर्ण ज्ञानको प्रयोग समुदायमा नै गर्ने गर्दछन् ।

वास्तवमा विद्यालय स्वास्थ्य कार्यक्रमको उद्देश्य पनि व्यक्तिमा सकारात्मक ज्ञान, सीप, धारणा, भावना तथा सोचको विकास गरी विद्यार्थी, शिक्षक, कर्मचारी तथा समुदायका व्यक्तिमा रहेको गलत धारणा, विचार, व्यवहारलाई निरुत्साहित गरी सभ्य स्वस्थकर व्यवहार, असल व्यक्तित्व र समृद्ध समाजको निर्माण र विकास गर्नु नै विद्यालय स्वास्थ्य कार्यक्रमको प्रमुख उद्देश्य हो । विद्यालय स्वास्थ्य कार्यक्रममा विद्यालय र समुदाय बिचको अन्तरसम्बन्ध र सहयोगको अध्ययन गर्दा समस्याको कथनलाई निम्न बुँदाद्वारा प्रस्ट्याउन सकिन्छ :

क) विद्यार्थीहरु सामुदाय समस्यासंग प्रत्यक्ष रुपमा परिचित हुन नसक्नु ।

ख) सामुदायिक स्वास्थ्यको विकासमा विद्यालयबाट पर्याप्त सहयोग र सहकार्य हुन नसक्नु ।

ग) विद्यालय र समुदायले एकअर्काको अस्तित्व र विकासमा सहज ढंगले निरन्तर हातेमालो गर्न नसक्नु ।

घ) अभिभावकहरुले विद्यालयमा आफ्ना बालबालिकाको शैक्षिक लगायत अन्य क्रियाकलापको प्रगतिप्रति खासै चासो नदिएको र विद्यालयमा खासै आवतजावत नगर्नु ।

ङ) विद्यालय स्वास्थ्य कार्यक्रममा विद्यालय परिवार, अभिभावक र समुदायका मानिसहरुमा घनिष्टता र बुझाइको समुचित विकास हुन नसक्नु ।

च) विद्यालय, समुदाय र अभिभावकको सहयोगका लागि विद्यालय स्वास्थ्य कार्यक्रमको उचित वातावरणको सिर्जना नहुनु ।

छ) विद्यालयको योजना तयार गर्न र कार्यान्वयन गर्न समुदायको पूर्ण सहभागिताको अभाव ।

## १.४ अध्ययनको महत्व (Significance of the Study)

विद्यालय स्वास्थ्य कार्यक्रममा विद्यालय र समुदायबिच अन्योन्याश्रित सम्बन्ध रहेकोले एकअर्काका परिपूरकको रुपमा रहेका छन । विद्यालय स्वास्थ्य कार्यक्रम अर्न्तगत विद्यालयको सहयोग र सम्बन्ध महत्वपूर्ण हुन्छ । विद्यालय समुदायबिचको सम्बन्धको महत्वलाई निम्नबमोजिम बुँदागत रुपमा गरिन्छ :

क) विद्यालयमा सिकाइका ज्ञान सीप र व्यवहारले घर तथा समुदायका क्रियाकलापलाई प्रभावित गर्दछ

ख) विद्यालयमा सिकेका ज्ञान तथा व्यवहारलाई सामुदायक प्रयोगशालामा प्रयोग गर्न ।

ग) विद्यार्थीहरुलाई सामुदायिक समस्यासंग प्रत्यक्ष परिचित गराउन ।

घ) समुदायलाई विद्यालयमा लगानी गरौँ गरौँ भन्ने भावनाको विकास गर्न ।

ङ) विद्यालयको विकासको लागि समुदायका स्रोतसाधनहरुको पहिचान गरी अधिकतम उपयोग गर्न ।

च) विद्यालय समुदायबिच असल सम्बन्ध कायम गर्न ।

छ) अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुको प्रगतिको जानकारी दिन तथा विद्यालयमा समयसमयमा भेटघाट गर्न सशक्तीकरण र सचेत गर्न ।

ज) विद्यार्थी, शिक्षक, कर्मचारी तथा समुदायमा भएको नकारात्मक धारणा, अन्धविश्वास र अस्वस्थकर बानी हटाउन ।

झ) समुदायमा विद्यालय स्वास्थ्य कार्यक्रमको बारेमा सकारात्मक धारणाको विकास गर्न ।

## २. अध्ययनविधि ( METHODOLOGY)

अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको रहेको छ । यो लेख तयार गर्न विभिन्न लेख रचना, कृति, पुस्तक, पुस्तकालय, पत्रपत्रिका, इमेल इन्टरनेट जस्ता द्वितीय तथ्याङ्का स्रोतहरुको प्रयोग गरिएको छ । द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक प्रक्रियाबाट अध्ययन गरी सम्पन्न गरिएको छ ।

## ३. अध्ययनको विश्लेषण (ANALYSIS )

### ३.१ विद्यालय स्वास्थ्य कार्यक्रमका तत्वहरु ( Components of SHP )

### क) विद्यालय स्वास्थ्य सेवा ( School Health Service )

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये विद्यालय स्वास्थ्य पनि एक हो । सामन्यतया विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्यको लेखाजोखा, संरक्षण र प्रबर्द्धन गर्न विद्यालयमा उपलब्ध गराइने स्वास्थ्यसेवालाई विद्यालय स्वास्थ्य सेवा भनिन्छ । वास्तवमा विद्यालय स्वास्थ्य सेवालाई विद्यालयभित्र विद्यार्थीहरुलाई स्वास्थ्य सेवा दिनुमात्र नभई विद्यालय स्वास्थ्य सेवा विद्यालय, शिक्षक, नर्स तथा चिकित्सक, शिक्षाविद, स्वास्थ्यकर्मी एवं सामाजिक कार्यकर्ताद्धारा विद्यार्थीहरुको स्वास्थ्यको लेखाजोखा गर्ने, सुरक्षा प्रदान गर्ने र बालबालिकामा देखापरेका स्वास्थ्य सम्बन्धी दोष र रोगको बारेमा अभिभावकलाई जानकारी गराउने, रोग फैलिन नदिने, स्वास्थ्य उपचारका लागि सम्बन्धित ठाँउमा प्रेषित गर्ने पनि गर्दछ ।

### ख) विद्यालय स्वास्थ्य शिक्षण ( School Health Instruction )

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न तत्वहरुमध्ये विद्यालय स्वास्थ्य शिक्षण पनि एक हो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धी ज्ञान, धारणाको विकास गराई त्यसलाई व्यवहारमा परिवर्तन ल्याउन अभ्यासरत गराउने कार्यलाई विद्यालय स्वास्थ्य शिक्षण भनिन्छ । विद्यार्थीहरुमा भएको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याउन विद्यालय स्वास्थ्य शिक्षणले महत्वपूर्ण भूमिका खेल्दछ । स्वास्थ्य शिक्षा प्रदान गर्दा योजनाबद्ध, एकीकृत, आकस्मिक तथा एकअर्का विषयसंग सहसम्बन्ध गरेर प्रदान गर्नुपर्दछ ।

### ग) स्वस्थ विद्यालय बसाइ वातावरण ( Healthful School Living Environment )

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये स्वस्थपूर्ण विद्यालय बँसाई वातावरण पनि एक हो । विद्यार्थीहरुले दिनको अधिकांश समय अर्थात आफ्नो घर पछि सबैभन्दा बढी समय बिताउने ठाउँ भनेकै विद्यालय हो । विद्यार्थीको पढाइ लगायत सर्वाङ्गिण पक्षको विकास गर्ने ठाउँ विद्यालय भएकाले विद्यालयको भौतिक र मनोवैज्ञानिक वातावरण उनीहरुका लागि उपयुक्त हुनुपर्दछ । विद्यालयको वातावरण स्वस्थपूर्ण आनन्ददायक, रमाइलो र प्रभावकारी भएन भने विद्यार्थीको पढाइमा अवरोध पुग्नुको साथै विद्यालय छाड्ने दरमा वृद्धि हुनजान्छ ।

### घ) विद्यालय समुदाय सम्बन्ध ( School Community Relation / Cooperation)

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये विद्यालय समुदाय सम्बन्ध पनि एक हो । विद्यालय समुदाय विकासको अभिन्न अंग हो । यसको स्थापना समुदाय विकासका लागि समुदायद्धारा नै गरिएको हुन्छ । विद्यालय र समुदाय एकअर्काका परिपूरक अंगहरु हुन । विद्यालय स्वास्थ्य कार्यक्रमको अभिप्रायः पनि बालबालिकाहरुकामा स्वास्थ्य सम्बन्धी हुने सकारात्मक परिवर्तनले समुदायलाई पनि स्वास्थ्यप्रति सचेत रहन सघाउनु हो । विद्यालय स्वास्थ्य कार्यक्रम सफल ढंगले कार्यान्वियन गर्न र अपेक्षित उपलब्धि हाँसिल गर्न विद्यालय र समुदाय बिचको सम्बन्ध नङ र मासु जस्तै हनुपर्दछ । यी दुवैले एकअर्काको समृद्धि र प्रगतिको लागि सदैव हातेमालो सहकार्य गर्नुपर्दछ तबमात्र एकअर्काको समस्या हल भई विद्यालय स्वास्थ्य कार्यक्रको गुरु योजना सफल ढंगले कार्यान्वयन हुन्छ । बालबालिकाको लागि विद्यालय दोस्रो घर हो । त्यसैले विद्यालयलाई समुदायको सानो समाज (Mini Society ) भनेर भनिन्छ ।

**ङ)** **विद्यालय स्वास्थ्य पोषण कार्यक्रम ( School Health Nutrition Programme )**

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये विद्यालय स्वास्थ्य पोषण कार्यक्रम पनि एक हो । विद्यार्थीहरुले दिनको अधिकांश समय विद्यालयमा बिताउने हुनाले यति लामो समयसम्म उनीहरुलाई भोकलाग्ने गर्दछ र पढ्नको लागि पनि छिनछिनमा शक्तिको आवश्यकता पर्दछ । त्यसैले विद्यार्थीहरुको लागि स्वास्थ्यवर्द्धक, पौष्टिकयुक्त खाद्यपदार्थको व्यस्थापन र स्वस्थपूर्ण तरिकाले खाने व्यवहारको विकास गर्न शिक्षक, अभिभावक र विद्यालय परिवारले विशेष ध्यान दिनुपर्दछ ।

**च)** **शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप (Counselling and Mental Health Service )**

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप पनि एक हो । अध्ययन लगायत विभिन्न परिस्थितमा विद्यार्थीहरुमा आउनसक्ने मानसिक तनाव, चिन्ता, भय, विचलन र थकावाटलाई व्यवस्थापन र नियन्त्रण गर्न शिक्षक, अभिभावक र विद्यालय परिवारले समयसमयमा निरन्तर मानसिक स्वास्थ्य शिक्षा र परामर्श प्रदान गनुपर्दछ । त्यसैले यो पनि विद्यालय स्वास्थ्य कार्यक्रमको महत्वपूर्ण र अपरिहार्य तत्व हो ।


**छ)** **शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप( Physical Education And Extra Curricular Activities )**

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप पनि एक हो । विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास गर्नको लागि शारीरिक शिक्षा तथा अतिरिक्त क्रियाकलाप( खेलकुद, हाजिरीजवाफ, वक्तृत्वकला, साहित्यिक कार्यक्रम, सांस्कृतिक कार्यक्रम) समयसमयमा निरन्तर संचालन र आयोजना गर्नुपर्दछ । जसले विद्यार्थीको व्यक्तित्व विकास गर्न अहम् भूमिका खेल्दछ ।

**ज)** **कर्मचारीका लागि स्वास्थ्य प्रवर्द्धन ( Health Promotion for School Staff )**

विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न क्षेत्र एवं तत्वहरुमध्ये कर्मचारीका लागि स्वास्थ्य प्रवर्द्धन पनि एक हो । विद्यार्थी लगायत विद्यालयमा कार्यरत कर्मचारीहरुको पनि स्वास्थ्य संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न अतिआवश्यक रहेको छ । विद्यालय स्वास्थ्य कार्यक्रम स्वस्थपूर्ण र गुणस्तरीय बनाउन विद्यालयका सम्पूर्ण परिवारको स्वास्थ्य सुधार र संरक्षण गर्नुपर्दछ । तबमात्र विद्यालय स्वास्थ्य कार्यक्रममा विद्यालय समुदायको सम्बन्ध सुमधुर र बलियो हुन्छ ।

**By Figure :**



**३.२ नतिजा**

विद्यालय र समुदाय एकअर्काका परिपूरक अभिन्न अंग र आधारशिला हुन । जुन एकअर्काको साथ सहयोग, समन्वय र सहकार्यविना दुबैको विकास र समृद्धि असम्भव छ भन्ने कुरामा दुईमत छैन तर पनि यी बिचको उचित र सुमधुर सम्बन्ध अधिकतम रुपमा हुन सकेको पाइदैन । विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यालय र समुदायको उचित र सुमधुर सम्बन्ध अधिकतम रुपमा हुन नसक्नुको मुख्य कारण विविध स्रोत सामग्रीको विस्तृत अध्ययन पश्चात प्राप्त हुन आएका मुख्य नतिजाहरुलाई निम्न अनुसार बुद्धागत गर्न सकिन्छ :

क) विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावक र समाजका सम्पूर्ण सरोकारवाला निकायबिच उचित समन्वय सहकार्य र सहअस्तित्वको विकास हुन नसक्नु ।

ख) विद्यालय र समुदाय बिचको दोहोरो भूमिका र उत्तरदायित्वबारे सम्पूर्ण सरोकारवालाहरुले ध्यान दिननसक्नु ।

ग) विद्यालय र समुदायको विकासका लागि प्रत्येक निकायले मनैदेखि सक्रियताका साथ कर्तव्यबोध महसुस गरी अगाडि नबढ्नु ।

घ) समाजभित्रका केही मानिसहरुमा जनचेतना, सचेतना र सशक्तीकरणको अभाव ।

ङ) विद्यालयले र समुदायले एकअर्काको सहअस्तित्व र औचित्यता बारे बुझ्न नसक्नु ।

च) समुदाय र विद्यालय दुवैको विकास, परिवर्तन र समृद्धिको लागि समयसमयमा निरन्तर छलफल, बैठक, अन्तरक्रिया, सभासम्मेलन, कार्यशाला, गोष्ठी तथा तालिम संचालन हुन नसक्नु ।

छ) विद्यालय समाज दुवैको प्रगति विवरण, गर्नुपर्ने कामको प्रमाणीकरणबारे आपसी समझदारी, कार्ययोजनाबारे बृहत् छलफल र सहकार्य नहुनु ।

ज) विद्यालय र समुदायमा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रहरु जस्तै : सरसफाइ कार्यक्रम, पोषणयुक्त खाद्यपदार्थ कार्यक्रम, जनचेतनामूलक कार्यक्रम- छाउपडीप्रथा, बलात्कार, दाइजोप्रथा, बालविवाह, बहुविवाह, सम्बन्धबिच्छेद, बेरोजगारी, सन्तुलित भोजन, भिटामिनयुक्त खाद्यपदार्थको प्रयोग, उपभोक्ता र मानसिक स्वास्थ्य, पेसागत स्वास्थ्य, प्राथमिक स्वास्थ्य स्याहार, खोपकार्यक्रम आदी जस्ता महत्वपूर्ण कार्यक्रमहरु समयसमयमा सञ्चालन गरी आवश्यक उपलब्धि हाँसिल गर्न नसक्नु ।

**३.३ विद्यालय र समुदायबिच सुमधुर सम्बन्ध स्थापित गर्ने उपायहरु**

विद्यालय र समाज एक रथका दुई पाङ्ग्रा हुन् किनभने यी दुवै एकअर्काको साथ सहयोग, समन्वयबिना अगाडि दौडेर विकास र प्रगतिका अपेक्षित उपलब्धि हाँसिल गर्न सक्षम हुँदैनन् । तसर्थ विद्यालय समाज दुवैको विकास, समृद्धि र उत्तरोउत्तर प्रगतिको लागि एक अर्काको साथ सहयोग र समर्थन अत्यावश्यक छ । विद्यालय र समाज दुवैको सर्वाङ्गीण पक्षको विकास गरी नमुनायुक्त समाज र विद्यालय बनाउन सदैव त्यसभित्रका अवयवहरु जस्तैः शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी लगायत थुप्रै सरोकारवाला निकायहरुको उत्तरदायित्व र सक्रिय भूमिका रहन्छ । अतः विद्यालय र समुदायबिच सुमधुर सम्बन्ध स्थापित गरी स्वास्थ्य प्रवर्द्धन गर्न निम्न उपायहरु अवलम्बन गर्नुपर्दछ :

क) विद्यालय समुदायबिच सदैव हरेक कार्य गर्दा अधिकतम समन्वय, सहकार्य र सहयोगको विकास गर्नुपर्दछ ।

ख) शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी लगायत थुप्रै सरोकारवाला निकायहरुले विद्यालय र समुदाय बिचको सम्बन्ध सुमधुर राखी दुवैको विकास प्रगतिको लागिसक्रिय भूमिका खेल्नुपर्दछ ।

ग) समाज र विद्यालय दुवैका साझा समस्याको पहिचान गरी समस्या समाधानको लागि समयसमयमा आवश्यक छलफल, अन्तरक्रिया, बहस गर्नुपर्दछ ।

घ) विद्यालय र समुदायको दुवैको सर्वाङ्गीण पक्षको विकास लागि शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी लगायत सम्पूर्ण सरोकारवाला निकाय बिच आवश्यक छलफल, अन्तरक्रिया, सेमिनार, गोष्ठी, कार्यशाला र तालिम सञ्चालन गर्नुपर्दछ ।

ङ) अभिभावकले आफ्नो बालबालिकाको प्रगति विवरण, स्वास्थ्य अवस्था लगायत अन्य अतिरिक्त विकासको जानकारी लिन समयसमयमा निरन्तर भेटघाट गर्नुपर्दछ र विद्यालयले पनि सो भेटघाट र सहकार्यको बाटो र वातावरण निर्माण गर्नुपर्दछ ।

च) विद्यालय र समाज राष्ट्र निर्माण र विकास अभिन्न अंग र आधारशिला भएकाले सम्पूर्ण सरोकारवाला निकायहरुले स्वस्थ समाज, स्वस्थ विद्यालय, र स्वस्थ राष्ट्र बनाउन सदैव सहकार्य र अहम् भूमिका खेल्नुपर्दछ ।

**निष्कर्ष ( CONCLUSION) :**

विद्यालय समुदाय एकअर्काका परिपूरक अभिन्न अंग र आधारशिला हुन् । जुन एकअर्काको साथ सहयोग, समन्वय र सहकार्यविना दुवैको विकास र समृद्धि असम्भव छ भन्ने कुरामा दुईमत छैन । विद्यालयले कुनैपनि समाजमा भएका खराब पक्षहरु र अस्वस्थकर बानी व्यवहारलाई हटाई राम्रा पक्षहरुलाई अगाडि बढाउन ठूलो भूमिका खेलेको हुन्छ भने समुदायले आफ्नो बालबालिकालाई असल र सभ्य व्यक्तित्व बनाउन विभिन्न किसिमका आर्थिक र भौतिक सहयोगका साथै विभिन्न सल्लाह सुझाव दिएर अगाडि बढ्न सहयोग गरिरहेको हुन्छ । तसर्थ विद्यालय समाज दुवैको विकास, समृद्धि र उत्तरोउत्तर प्रगतिको लागि एकअर्काको साथ सहयोग र समर्थन अतिआवश्यक छ । विद्यालय स्वास्थ्य कार्यक्रम सफल ढंगले कार्यान्वयन अपेक्षित उपलब्धि हाँसिल गर्न विद्यालय र समुदायबिचको सम्बन्ध नङ र मासु जस्तै रहेको छ । यी दुवैले एकअर्काको समृद्धि र प्रगतिको लागि सदैव हातेमालो सहकार्य गर्नुपर्दछ तबमात्र एकअर्काको समस्या हल भई विद्यालय स्वास्थ्य कार्यक्रको गुरु योजना सफल ढंगले कार्यान्वयन हुन्छ । बालबालिकाको लागि विद्यालय दोस्रो घर हो । त्यसैले विद्यालयलाई समुदायको सानोसमाज (Mini Society ) भनेर भनिन्छ । अतः विद्यालय समुदाय एकअर्काका परिपूरक, अन्तरसम्बन्धित र आत्मनिर्भर पक्ष हुन् ।

## सन्दर्भ सामग्री (REFERENCES)


शेरचन, लोकेन्द्र र उप्रेती, यदुराम (२०७५), *विद्यालय स्वास्थ्य कार्यक्रम र सामुदायिक स्वास्थ्य सर्वेक्षण,* काठमान्डौं : क्वेष्ट पब्लिकेशन कीर्तिपुर ।

शेरचन, लोकेन्द्र र उप्रेती, यदुराम (२०७५), *स्वास्थ्य तथा शारीरिक शिक्षा शिक्षण विधि र विद्यालय स्वास्थ्य कार्यक्रम,* काठमान्डौं : क्वेष्ट पब्लिकेशन कीर्तिपुर ।

बुढाथोकी, चित्रबहादुर र वाग्ले, विष्णु प्रसाद (२०७०), *स्वास्थ्य तथा शारीरिक शिक्षा शिक्षण विधि र विद्यालय स्वास्थ्य कार्यक्रम,* काठमान्डौं : पिनाकल पब्लिकेशन बागबजार ।

बुढाथोकी, चित्रबहादुर र वाग्ले, विष्णु प्रसाद (२०६८), *विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन,* काठमान्डौं : पिनाकल पब्लिकेशन बागबजार ।

क्षेत्री, हेमसिंह र भण्डारी, तुल्सीराम (२०६६), *विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन र सुपरीवेक्षण,* काठमान्डौं : रत्नपुस्तक भण्डार भोटाहिटी ।

ढकाल, सोमनाथ (२०७१), *विद्यालय स्वास्थ्य शिक्षाका व्यवसायिक तयारी, प्रशासन र सुपरीवेक्षण,* काठमान्डौं : रत्नपुस्तक भण्डार भोटाहिटी ।

महर्जन, शिवशरण र खनाल, शान्तिप्रसाद (२०६८), *विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन,* काठमान्डौं : सनलाइट पब्लिकेशन ।

अधिकारी, विष्णु प्रसाद (२०७०), शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, काठमान्डौंः आशिष पुस्तक भण्डार बागबजार ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२)

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमान्डौं : लुम्बिनि पुस्तक भण्डार भोटाहिटी ।

रा. शि. प. यो.(२०२८–२०३२)

रा. शि. प. (२०४९)

सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८)

स्वास्थ्य मन्त्रालय वेभसाइट(२०७२)

शिक्षा मन्त्रालय वेभसाइट(२०७२)

जिल्ला शिक्षा समन्वय एकाइ डोटी विवध शैक्षिक सूचना (२०७४)

Google.com

Wikipedia. com